***NECC BULLETIN*** YEAR-1 ISSUE-10 SEPTEMBER 2015

# हाम्रो मन्दिर हुँदैछ राम्रो



**खिलेन्द्रमणी न्यौपाने**
**अध्यक्ष**

गत बर्ष ठीक यतिबेला नेपाल शिक्षा तथा सांस्कृतिक केन्द्र (एनइसीसी) नयाँ नेतृत्वको खोजीमा थियो । एनइसीसीको बार्षिक दिवसकै अवसरमा नयां कार्य समिति(२०१४-२०१७)को घोषणा गरिएको थियो । त्यसको २ महिनापछि बोर्ड अफ ट्रष्टिको गठन भएको थियो । कार्य समितिले कार्य विभाजन गरेर प्रमुख जिम्मेवारी लिने साथीहरुको पद पूर्ति गरेपछि केन्द्रमा ५० जनाको कार्यसमितिले पूर्णता पाएको थियो ।

यो एक बर्षको अवधिमा केन्द्रले गरेका गतिविधिहरुका बारेमा यसको मासिक प्रकाशन एनइसीसी बुलेटिन,बार्षिक प्रकाशन नमस्ते तथा वेभसाइट www.neccusa.org मार्फत जानकारीहरु प्रकाशमा आइरहेको सर्बविदितै छ ।

एनइसीसीको वर्तमान कार्यसमितिले पूर्णता पाउँदासम्ममा चार्ड पर्वहरु शुरु भइसकेका थिए । हामीले हाम्रो संस्कृति र परम्पराको जगेर्ना गर्ने आफ्नो दायित्व सम्झेर दीपावलीको अवसरमा द्यौसी भैलो कार्यक्रमको आयोजना गरेका थियौं । यसबाट संस्थालाई आर्थिक सहायता पनि संकलन हुने र संस्कृति संरक्षणको दायित्व पूरा भएकोमा आत्मा सन्तुष्टि पनि हुने भएकाले साथीहरुको उत्साहजनक सहभागितामा द्यौसी भैलो सम्पन्न गरेका थियौं । हाम्रो टीमको सक्रियतामा यो कार्यक्रम निकै प्रभावकारी भयो ।

यसै गरी हाम्रो जन्मभूमिमा दीगो शान्ति कायम होस भन्दै १० जना पण्डितहरुव्दारा पूजा पाठ तथा विशेष शान्ति यज्ञ सम्पन्न गरेका थियौं । यसमा उत्साहजनक सहभागिता थियो । यसै गरी हामीले बैशाख १२,२०७२ (अप्रील २५ तारिक २०१५)मा नेपालमा आएको विनासकारी भुकम्पमा पीडित भएका दाजुभाइ दिदी बहिनीको उद्धारका लागि राहत रकम संकलन गरी नेपाल पठाएका थियौं ।

यो कार्यसमितिले मन्दिर निर्माणका क्रममा महत्वपूर्ण सहयोग पुर्याउने सहयोगी मित्रहरुलाई सम्मान समारोह नै आयोजना गरेर योगदानको कदर गरेका थियो । यी कार्यक्रमहरु विशेषरुपमै आयोजना गरियो । यसको अलावा मन्दिरमा प्रत्येक पहिलो आइतवार नारायण भगवानको पूजा आरधना गर्ने परम्पराको शुरुवात पनि गरेकाछौं । यसको साथै नेपाली समुदायले परम्परादेखि मान्दै आएका चाड पर्वहरु,महा शिवरात्री,बुद्ध जयन्ती,कृष्ण जन्माष्टमी,तीजको बर्त पूजा भव्य रुपले मनाउदै आएका छौं ।

प्रत्येक महिनाको पहिलो आइतवार श्री सत्य साई केन्द्रको पहलमा श्री सत्यनारायणको पूजा, भजन कृतन अनि परम्परागत बुद्ध धर्म संघद्धारा बेला बेलामा आयोजना गरिने सत्संग तथा ध्यानले मन्दिर मा स्फुर्ति पैदा गरिदिएको छ ।

बौद्धिक संसार शैक्षिक प्रतिष्ठानको पहलमा करिब ५ सय थान नेपाली पुस्तकहरु सहितको पुस्तकालय स्थापना भए पछि समूदायले थप सेवा प्राप्त गरेको छ ।

लामो समययता मन्दिरमा गाडी पार्किङ्ग ठूलो समस्या बन्दै आएको थियो । यसका लागि कार्यसमितिले यसको तत्काल समाधान गर्न पहल गर्यो । हाल ७० वटा गाडी पार्क गर्न सकिने पार्किङ्ग लट बनिसकेको छ । यस पछि मन्दिरमा थप रौनक ल्याएको अनुभूति आज नेपाली समाजले गरिरहेको छ ।

यो एक वर्षको अवधिमा केन्द्रले १ लाख २ सय ५० डलर संकलन गरिसकेको छ । यस मध्ये पनि ६७ हजार ३ सय २ डलर नगत नै जम्मा भएको थियो ।

यसरी यी तमाम कामहरु सिंगो टीमको सक्रियताको कारण मात्र सम्भव भएको हो र आजको यो बार्षिक दिवसको अवसरमा ती सम्पूर्ण सहयोगी मनहरुलाई हार्दिक धन्यावाद तथा विनम्र नमन गर्नैपर्ने हुन्छ । यति हुँदाहुँदै पनि हाम्रा सामु अझ धेरै काम तथा चुनौतीहरु छन् र तीनको समाधान तथा निराकरणका लागि होस्टेमा हैंसे गर्दै अझ बढी दत्त चित्त भएर सबैले आ-आफूले लिएको जिम्मेवारी इमान्दारीपुर्वक बहन गर्नुपर्ने आजको टड्कारो आवश्यकता भएको छ ।

व्यक्तिको एउटा सानो सहयोग पनि मन्दिरको लागि ठूलो हुन्छ र साना साना कामहरुबाट नै हामी ठूला ठूला उपलब्धि हासिल गर्न सक्छौं । त्यसैले आउनुहोस् हामी सबैजना आजको यसै विशेष दिनको पावन अवसरमा हाम्रा कार्यहरुको मूल्याङ्कन गर्दै आगामी रोडम्यापको खाका कोरौं अनि त्यसै अनुसार एकीकृत भएर अगाडिल बढौं । निश्चयपनि हामी सबैजना आफुखुसी स्वयंसेवामा लागेका मानिसहरु हौ र सबैको एउटै उदेश्य हाम्रो मन्दिर राम्रो बनाउने नै हो । त्यसैले केन्द्रको १६ औं बर्षगांठको सार्थकता मैले त्यहां देखेको छु जहां हामी चन्दादाता, स्वयंसेवक तथा शुभचिन्तकहरु मन्दिरका कार्यक्रमहरुमा प्रत्यक्ष सहभागी हुंदै यसको उन्नती प्रगति तथा समृद्धिको खातिर टेवा पुर्याउन यस महत्वपूर्ण काल खण्डको साधन बन्न सक्छौं । साथै नेपाली मात्रको पहिचानलाई यो विशाल अमेरिकामा स्थापित गर्न लागि रहन सकौं । श्री पशुपति बुद्ध मन्दिर को जय होस् ।

NECC BULLETIN

## *Our Symbol*

This auspicious occasion of 15th Anniversary of the Inauguration of the NECC compound in Lanham, MD reminds me the of the sense of pride and



accomplishment all of us felt at the occasion as it was a symbol of our deep desire to preserve our culture and heritage and pass it to the next generation.

As I look back and review the years between now and the day of inauguration, I feel that we have accomplished a lot. The fact that there are many young people involved in the NECC is a testament to the success of our goal of preservation of culture as it has accomplished the passing of the baton from one generation to the next and I am confident that it will continue.

As I look around, I find that Nepali American communities in other cities are also engaged very enthusiastically in similar the tasks and there will be more than a dozen such centers well established in the next five years. This emphasizes the significant pioneering nature of this project and the far sighted vision of our colleagues.

Another side of the story is that we have just begun building the physical infrastructure of the NECC and there is a lot to do. It will take a lot of resources, many years of hard work and support of everyone in the community. I am confident that if we continue our initiatives and mobilize the community support, we will be there in less than five years.

Again I would like to emphasize that NECC is our institution, it belongs to all members of the community and how much we become involved and how much resources we contribute to it will decide how fast it will be complete. So let all of us put our energies tougher and make it happen. This will be our greatest gift to our children.

Warm regards
*Shyam Karki*
*Chair, Board of Trustees.*

# मन्दिर बनाउने सूत्र यो हो

बासिङ्टन डिसी मेट्रो क्षेत्र भित्र बढ्दै गएको नेपाली समुदायको संख्यालाई बिचार गर्दा लाग्छ हामी एउटा नेपाली कला शैलीको देवालय, धर्मशाला साथै सांस्कृतिक संरचना निर्माण गर्न ढिला हुन थालिसक्यौं । यहाँ समूदायको संख्या बृद्धि संगै साना नानीहरु र किशोर किशोरीहरु पनि हुर्कदै छन् । उनीहहरुलाई हाम्रो मातृभूमिको भाषा, संस्कार, संस्कृति, कला, भूगोल, इतिहास र हाम्रो चिनारीको बारेमा सिकाउनु, बुझाउनु र पढाउनु छ । उनीहरुलाई



त्यसतर्फ आकर्षित गर्नु छ । त्यसको लागि एउटा नेपाली कला, शैली र ढांचाको मन्दिर चाहिएको छ । नेपाली संस्कृति झल्किने संरचना बनाउनु छ । यो केवल नेपाली समुदायका लागि मात्रै हैन नेपालबारे जानकारी राख्न चाहने अमेरिकी र विश्वका अन्य समुदायका मानिसहरुलाई पनि एउटा नेपाल सूचना केन्द्र (धार्मिक सांस्कृतिक स्थल) चाहिएको छ । यो खाँचो हामीले केही बर्षयता महसुस गर्दै आएका छौं । यहाँको नेपाली समुदायका लागि मात्र हैन हाम्रो मातृभूमिका लागि पनि यस्तो एउटा सांस्कृतिक केन्द्र वासिङ्टन डिसी वरपर भइदियोस् भन्ने चाहाना सबैको छ । यसको लागि समुदायले नेपाल शिक्षा तथा सांस्कृतिक केन्द्र (एनइसीसी) बनाएको छ । यो केन्द्रले त्यस्तो देवस्थल सांस्कृतिक केन्द्र निर्माण गर्ने जिम्मेवारी समुदायबाट पाएको छ । त्यसको लागि एनइसीसी एक कदम अगाडि पनि बढीसकेको छ । एनइसीसीलाई अब समूदायका अग्रज र समर्पणको भावना भएका दानी व्यक्ति वा संस्थाहरुको खाँचो भइरहेको छ । त्यो खाँचो पूरा गर्न त्यस्ता समर्पित व्यक्तित्व तपाईं हाम्रै वरीपरी हुनुहुन्छ । अब उहाँहरुलाई एनइसीसीको निमित्त म अनुरोध गर्दछु कि एक व्यक्तिबाट ५ सय डलर रकम संकलन गर्न एनइसीसी जाने छ । हामी यो अभियान विस्तार गर्न हामी सहयोग गर्ने छौं । ३ सय जना पुर्‍याउने लक्ष्य शुरु गर्ने छौं । एक वर्षभित्र यो लक्ष्य पुरा हुनेछ । त्यतिबेला एनइसीसीसंग १ लाख ५० हजार डलर जम्मा भएको हुनेछ । त्यतिञ्जेलमा हामीले नेपालबाट आवश्यक सामाग्री र प्राविधिक जनशक्ति लिएर आउने प्रबन्ध गरीसकेका हुनेछौं । यसको दुईवर्ष पछि हामीसँग नेपाली कला, शैलीको संरचनाहरु भएको नेपाल सांस्कृतिक केन्द्र, पशुपति बुद्ध मन्दिर विल्सभिल् । मेरिल्याण्डमा बनिसकेको हुनेछ ।

यो अवधारणा हो, पुरा नहुने सपना हैन । गैरआवसिय नेपाली संघको प्रतिनिधि र नेपाली समुदायको एक जिम्मेवार सदस्यको नाताले यस कार्यमा पूर्ण सहयोग गर्न म प्रतिबद्ध छु । मलाई विश्वास छ । यो सुत्रबाट हामीले दुईवर्ष भित्रै पशुपति बुद्ध मन्दिर र अन्य संरचना सहितको नेपाल सेन्टर देख्न पाउनेछौं ।

**रविना थापा**
**उपाध्यक्ष**
**एनआरएन अमेरिका**

NECC BULLETIN

**Nepal Education and Cultural Center (NECC)**
**Financial Activities Report**
**Period Ended: September 30, 2015 (YTD)**

**Revenue:**

| Description | Amount ($) |
|---|---|
| Service Fees Collected by Pandit Shridhar | 4,820 |
| Cash Donation Box at Temple | 4,042 |
| General Contributions | 1,522 |
| Trustees | 21,499 |
| Life Members | 13,791 |
| Dollar-A- Day Program | 19,666 |
| Membership Contributions | 739 |
| Namaste Magazine Ads | 1,970 |
| Parking Lot Gravel Pavement Project | 1,762 |
| Special Event Contributions by Local Organizations | 3,102 |
| Nepal Earthquake Victims Funds | 26,337 |
| Lawn Mowers Project | 1,000 |
| **Total Revenue** | **100,250** |

**Expenses:**

| Description | Amount ($) |
|---|---|
| Signboard | 214 |
| State Farm Insurance | 426 |
| Potomac Edison - Electricity | 1,134 |
| Contract Service Fees - Pandit | 7,200 |
| Plaques | 1,785 |
| Water, Plates & Cups | 628 |
| Depreciation | 7,954 |
| Bookcases and Books | 2,650 |
| Interest Expense | 3,308 |
| Computer | 340 |
| Pandit Daxina | 168 |
| Bank Service Charges | 216 |
| Stationary | 81 |
| Lawn Mowing | 1,000 |
| T-Shirts | 392 |
| Gravel Pavement | 12,000 |
| Real Property Taxes | 2,890 |
| Gardening Materials | 102 |
| Miscellaneous | 251 |
| Nepal Earthquake Victims Project | 19,880 |
| **Total Expenses** | **62,619** |
| **Excess of Revenue Over Expenses** | **37,630** |

Notes:

Statement of Financial Activities as of 9.30.2015 is prepared based on the bank statements and available accounting information. Gravel pavement project was completed in 3Q which accounted for $12,000. Promissory note payment of $16,000 was not accounted for as an operating expense. The payment reduced the promissory note balance.

NECC BULLETIN

***NECC BULLETIN*** YEAR-1 ISSUE-10 SEPTEMBER 2015

# तीजको रमझम पछि दशैं आयो

नेपाली महिलाहरुको महान पर्व हरितालिका तिजलाई यस बर्ष उल्लासमय र अर्थपूर्ण ढंगले मनाउन नेपाल शिक्षा तथा सांस्कृतिक केन्द्र(एइसीसी)ले महिलाहरुको टोली बनाएर सम्पन्न गरेको थियो । यसका लागि १७ सदस्यीय एक व्यवस्थापन समिति गठन गरेको थियो । समितिले मन्दिरका लागि १५ डलर प्रवेश शुल्क र पूजाका लागि अन्य आवश्यक सामाग्री लिएर आउन भक्तालु महिलाहरुलाई आव्हान गरेको थियो ।

भाद्र शुक्ल द्वित्तीया बुधबार सेक्टेम्बर (१६, २०१५) का दिन बिहान १० बजेदेखि बेलुका ७ बजेसम्म सञ्चालन भएको तिज ब्रत पूजा पण्डित श्रीधर ज्ञवालीले सञ्चालन गर्नु भएको थियो । यसको साथै महिलाहरुलाई तिजको मनोरञ्जनका लागि डिजेको व्यवस्था पनि गरिएको थियो । साथै भक्तालुहरुलाई पानी, चिया, प्रसाद आदिको पनि व्यवस्था गरिएको थियो ।

**पूजा भजन यज्ञ**

प्रत्येक महिनाको पहिलो आइतवार पुजा तथा भजन कृतनको शुभारम्भ यो बर्षको शुरुदेखि नै गरिएको हो । यसबाट पशुपति तथा बुद्ध मन्दिरको प्राण भरिएको छ । यसै गरी प्रत्येक महिना प्रकाशित हुने एनइसीसी बुलेटिनले नेपाली समाज र केन्द्र बीचको दुरी घटाउदै लगेको तथ्य हाम्रो सामु छ ।

केन्द्रले आयोजना गरेको शान्ति तथा सम्मृद्धि यज्ञमा उर्लेको विशाल जनसहभागिता र उठेको ५० हजार डलर सहयोग रकमले समूदायमा उर्जा थप गरेको थियो । बर्षको एक लाख डलर सहयोग रकम संकलन गर्ने लक्ष्य लिएको केन्द्रले छ महिनाको अवधिमा ७० हजार डलर सहयोग रकम जुटाउनु उत्साहप्रद सन्देश हो ।

एक दिनमा एक जनाबाट एक डलर मन्दिरको नाममा दान दिने **डलर ए डे** कार्यक्रमको प्रभावकारी कार्यन्वयनले पशुपति बुद्ध मन्दिर तथा नेपाल केन्द्र निर्माण गर्ने लक्ष्यका साथ अघि बढेको एनइसीसीमा असिमित उत्साह जागृत भएको छ

यस बर्षको मुख्य चार्ड पर्बहरुको याम अहिले शुरु भएको छ । भरखरै नेपाली नारीहरुको महान चार्ड हरितालिका तीज सम्पन्न भयो भने अब विजया दशमी २०७२ प्रारंभ भइसकेको छ । अमेरिकी समाजले आफ्ना दीबंगत आत्माहरुको संझना गराउने हलोयिन पर्व आइरहेको छ । नेपाली समुदायको पनि आश्विन कृष्ण पक्ष जसलाई सोह्र श्राद्ध भन्ने गरिन्छ यो अवधिमा पितृ श्राद्ध तर्पण गरी आफ्ना दीबंगत अग्रजहरुलाई संझने क्रम चलिरहेको छ । आफ्ना पितृहरुको विधि पूर्वक श्राद्ध गरी घटस्थापनाको अघिल्लो दिन यो चरण पूरा हुन्छ भने घटस्थापनाबाट नव रात्र शुरु हुन्छ । नव रात्रको नौ दिनसम्म दुर्गा भवानीका विभिन्न नामहरु जस्तै शैलपुत्री,ब्रम्हचारिणी,चन्द्र घण्टा,कुशमाण्डा,स्कन्ध माता,कात्यायानी,कालरात्री,महागौरी र सिद्धिदायिनीको पूजा आरधना गरिन्छ ।


यस बर्ष अक्टोबर १३ तारिक अर्थात आश्विन २६ गते घटस्थापना परेको छ । त्यस्तै कात्तिक ३देखि ५ गतेसम्म अर्थात अक्टाबर २० देखि २२ तारिकसम्म बडा दशैंका मुख्य दिनहरु परेका छन । मंगलवारदेखि विहीवार(२२ तारिक)सम्म नेपाली समुदायले विजया दशमीको महोत्सब गर्ने छ । शुभकामना आदान प्रदान,आफन्तबाट टिका आशिर्वाद ग्रहण,मनोरञ्जनात्मक कार्यक्रमहरुको आयोजना ,मिष्ठान्न भोजन जस्ता कार्यहरु सम्पन्न गरी बडा दशैं मनाइने छ ।



Dear Community Members,
Nepal Education and Cultural Center (NECC) is celebrating its **16th Anniversary on Sunday, October 04, 2015** at the Pashupati-Buddha Mandir premises and NECC Executive & Board of Trustee team cordially invite its members, trustees and entire community members for this annual event.

**Program Details**:
9:00am –11:00am: Buddha Pray and Meditation
(By Paramparagat Buddha Dharma Sangha)
11:00am –11:30am: Snack by Buddha Dharma Sangha
11:00am -1:00pm: Satya Narayan Puja and Bhajan
(Organize by Satya Sai Samaj)
1:00pm – 2:00pm: Aarati and Anniversary Program
(Organize by NECC EC & BOT)
1:30pm – 2:30pm: Prasad/Lunch
(Sponsor by Ghar-E-Kabab Restaurant)
2:00pm – 4:00pm: Joint Annual Meeting of NECC Executive & Board of Trustee
Thank you for your support to the NECC!

**नेपाल शिक्षा तथा साँस्कृतिक केन्द्रलाई प्राप्त मर्सिडिज कार विक्रीका लागि तयार भएको छ । कालो रंगको यो कार चुस्त दुरुस्त अवस्थामा रहेको प्राविधिकहरुले दिएको रिपोर्टमा उल्लेख छ । यो कार अक्टोर ४ तारिकका दिनदेखि विल्सभिलस्थित मन्दिर परिसरमा राखिने भएको छ । आफू वा अरु खरिद गर्न चाहाने जो सुकैले यहाँ आएर कारको अवलोकन गरी कार खरिद गर्नका लागि कार्य समितिसँगा कुरा गर्न सक्नु हुनेछ ।**



***co-ordinator: Bishnu Sheetal, Lyaout: Anjaya Nepal***